धुनिवेशी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल

सूचना प्रकाशित मिति:२०८३/०६/१२

# पशु स्वास्थ्य प्राविधिक सुचिकृत हुने सम्बन्धि सूचना !!

धुनिवेशी नगरपालिकाको नगर क्षेत्रभित्रका निजी पशु प्राविधिक, भेटेरिनरी पसल सञ्चालक, भ्याक्सिनेटर, कृत्रिम गर्भाधान तथा पशु स्वास्थ्य सेवा प्रदान गर्दै आएका व्यक्तिहरूलाई सुचिकृत गर्ने कार्य सुरु गरिएको छ।

धुनिवेशी नगरपालिका क्षेत्रभित्र निजी क्षेत्रबाट पशु स्वास्थ्य सम्बन्धी सेवा प्रदान गर्दै आउनुभएका तथा नगरपालिकाबाट सञ्चालन हुने पशुपन्छी रोग नियन्त्रण, महामारी/प्रकोप व्यवस्थापन, पशु उपचार, खोप कार्यक्रम, उद्धार तथा अन्य पशु स्वास्थ्यसम्बन्धी कार्यक्रममा आवश्यकताअनुसार परिचालन हुन इच्छुक योग्य पशु स्वास्थ्य प्राविधिक, भ्याक्सिनेटर, वा निजि भेटेरिनरी सेवा प्रदायकहरूले अनुसूची-०४ बमोजिमको निवेदन फाराम भरि आवश्यक प्रमाणपत्रका प्रतिलिपि सहित धुनिवेशी नगरपालिका, पशुपन्छी विकास शाखामा पेश गर्न सकिनेछ। साथै आ.व. २०८२/८३ मा सुचिकृत भै सेवा प्रदान गर्दै आएका पशु स्वास्थ्य प्राविधिकहरुको हकमा पशुपन्छी विकास शाखामा निवेदन पेश गरि आवश्यक कागजात अध्यावधिक गर्न यो सूचना प्रकाशित गरिएको छ।

आवेदनका लागि आवश्यक कागजातहरू:

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२. प्राविधिक योग्यताको प्रमाणपत्र,
३. हाल सञ्चालनमा रहेको पशु स्वास्थ्य सेवा/भेटेरिनरी पसलको दर्ता प्रमाणपत्र/नविकरण प्रतिलिपि,
४. हालसम्मको कार्य अनुभवको विवरण,

**थप जानकारीका लागि**
पशुपन्छी विकास शाखा,
धुनिवेशी नगरपालिका
जुगेडी धादिङ ।

सुरज भण्डारी
पशु चिकित्सक

.....................................
विनोद कुमार खनाल
प्रमुख प्रशासकिय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**